# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २७. अकं ९, पुष/माघ Dec 2021/Jan 2022


## १३ औं संस्करण चितवन महोत्सव-२०७८ सम्पन्न




चितवन महोत्सव-२०७८ विभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ चितवनको आयोजना तथा भरतपुर महानगसरपालिका र जिल्ला समन्वय समिति चितवनको प्रबर्द्धनमा आयोजित उक्त महोत्सवको बागमती प्रदेशका मुख्य मन्त्री माननीय राजेन्द्र प्रसाद पाण्डेले उदघाटन गर्नुभएको थियो । चितवन महोत्सव-२०७८ को पहिलो दिन मिति २०७८ पौष २५ गते का दिन समुद्घाटन समारोहको औपचारिक कार्यक्रमपूर्व बृहत शोभायात्रा ऱ्यालीको आयोजना गरिएको थियो । महोत्सव उद्घाटन गर्दै प्रमुख अतिथी पाण्डेले समृद्ध नेपाल निर्माणको लागि निजी क्षेत्रसंग सहकार्यको जरुरी रहेको वताउनु भयो । निजी क्षेत्रसंगको सहकार्य विना समृद्ध नेपाल निर्माण गर्न नसकिने वताउदै पाण्डेले अव देशको आवश्यकता रोड विकास भन्दा पानि व्यवारीक र शिपमुलक शिक्षा रहेको बताउनु भयो । देशको लागि शिपयुक्त जनशक्ती निकै महत्वपुर्ण रहेको भन्दै जब हामी शिपयुक्त जनशक्ती उत्पादन गर्दछौ तव मात्र देश समृद्ध हुन्छ र देश माथि जाने बताउनु भयो । त्यसका लागि सबै को साथ आवश्यक रहेको मुख्य मन्त्री पाण्डेको भनाई थियो । नारायणी नदि लाई ईङ्कीत गर्दै पाण्डेले देशकै केन्द्रभागमा रहेको यस ठाउलाई विश्वकै नमुना बनाउन सकिने पनि बताउनु भयो । समुद्घाटन समारोहमा विशिष्ट अतिथि



...बाँकी २ नं. पेजमा

## नापतौलका यन्त्रहरुको जाँच पास तथा नविकरण

उद्योग वाणिज्य संघ चितवनको आयेजनामा गुणस्तर तथा नापतौल क्षेत्रिय कार्यालय विरगञ्ज संग समन्वय गरी उक्त कार्यालयबाट नापतौल तथा नाप्ने , तौल्ने यन्त्रहरु( लिटर, मिटर, कम्प्युटर तौल, किलो , ग्राम)को जाँज, पास, नविकरण,तथा दर्ता गर्ने काम चितवनमा सम्पन्न भएको छ । गुणस्तर तथा नापतौल क्षेत्रिय कार्यालय विरगंजका निरिक्षक रिजव ढुङानाको नेतृत्वमा आएको एक टोलीले उद्योग वाणिज्य संघ चितवनको कार्यक्षेत्र भित्ररहेका बिभिन्न व्यवसायीहरुका यन्त्रहरुका नाप, जाँच तथा दर्ता नविकरण गर्ने कार्य गरेको हो । उद्योग वाणिज्य संघ-चितवनको परिसरमा मिति २०७८ मंसिर ०८ गते देखी २० गते सम्म विहान १० बजे दखी ५ बजे सम्मको समयावधिमा ३०० जना व्यवसायीहरुले आफ्ना यन्त्रहरुको जांच पास तथा अनुमती पत्र प्रदान गरेका थिए । संघले प्रत्येक बर्ष गुणस्तर तथा नापतौल क्षेत्रिय कार्यालय विरगंज बाट टोली खटाई यस किसिमको सेवा प्रदान गर्दै आइरहेको छ ।


(जि.प्र.का.द.नं. ५/०४९/०५० , चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER



quality austria central asia Succeed with Quality



प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८
URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

## लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

## परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

## गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**

राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरु**

अशोक अधिकारी, अरुण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्धार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)
कार्यकारी निर्देशक

**ले-आउट / डिजाइन**

सन्देश पौडेल
सूचना प्रविधि अधिकृत




उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालज्यूले देशलाई समृद्धी तर्फ लैजान निजी क्षेत्र सधै सरकार संग साथ र समर्थन गर्न तयार रहेको बताउनु भयो । यसै गरी समुद्घाटन समारोहमा चितवन जिल्लाका प्रतिनिधी सभाका सासंद, वागमती प्रदेशमा चितवन जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने मन्त्रीज्यूहरु, प्रदेश सभा सासंद भरतपुर महानगरपालीकाको प्रमुख, जिल्ला समन्वय समिति चितवका प्रमुख, चितवन जिल्लाका विभिन्न राजनैतीक दलका प्रमुखहरु, नेपाल उद्योग वाणिज्य महासंघ पदाधिकारी एवं कार्यकाररिणी सदस्यहरु, विभिन्न उद्योग वाणिज्य संघका पदाधिकारी एवं प्रतिनिधिहरु, चितवन उद्योग संघका अध्यक्षलगायतले मन्तब्य व्यक्त गर्नुभएको थियो । समुदघाटन समारोह महोत्सव मुल समारोह समितिका संयोजक एवंम उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजु श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रमका सभापति एवं उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठले चितवनको कृषी, पर्यटन, शिक्षा, स्वास्थ्य एवं औद्योगिक विकासका लागि केन्द्रिय तथा प्रदेश स्तरबाट पहल गर्नुहुनका लागि प्रमुख अतिथिको ध्यानाकर्षण गर्नु भएको थियो। कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्दै अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको समग्र विकासका लागि आवश्यक विषयहरुको वारेमा प्रकाश पार्नु भएको थियो । महोत्सवको समुद्घाटन समारोहको चितवन महोत्सव २०७८ को स्मारिकाको विमोचन समेत गरिएको थियो। समुद्घाटन समारोहको सञ्चालन उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष एवं चितवन महोत्सव- २०७८ का सदस्य सचिव चुननारायण श्रेष्ठले गर्नु भएको थियो । महोत्सवको पूर्वसन्ध्यामा आयोजना गरिएको उक्त शोभायात्रा ऱ्यालीमा बिभिन्न जनजाती, धर्मावलम्वी, क्षेत्र, संस्कृती एव पहिचान झल्कने खालका पहिरन एवं झांकिहरुको सक्रिय एवं उत्साहजनक सहभागिता रहेको थियो । विहान करिव ८ बजे देखी शुरु गरिएको उक्त ऱ्यालीले महोत्सवको गरिमा बृद्धी गर्नुका साथै सहभागिताको लागि अपिल गरेको प्रतिक झल्कन्थ्यो। नेपालको राष्ट्रिय झन्डा, शोभायात्राको व्यानर, महोत्सवको झन्डा लगायत चितवनको प्रतिनिधित्व गर्ने सजियको हात्ति, बाजागाजा, टुल व्यानर सहित महोत्सव परिसर नारायणी नदी किनारबाट शुरु भएको थियो । यस क्षेत्रको समग्र विकास एवम पहिचान निर्माणमा यस स्थानमा सञ्चालन हुने



प्रबर्द्धनात्मक कार्यक्रमहरुले महत्वपूर्ण योगदान पुऱ्याउने गर्दछ। जिल्लाको समष्टिगत विकासमा टेवा पुऱ्याउने बिबिध प्रबर्द्धनात्मक माध्यमहरु मध्ये मेला, महोत्सव एक महत्वपूर्ण कार्यक्रम हुने कुरालाई हृदयंगम गर्दै चितवनको गरिमामय विविधता र समग्रताका प्रतिविम्वको रुपमा लोक ख्याति प्राप्त गर्न सफल चितवन महोत्सव वि. सं. २०५३ साल देखि प्रत्येक दुई वर्षको अन्तरालमा आयोजना गरिदै आएको छ भने आयोजना गरिएका सम्पूर्ण महोत्सवहरु ऐतिहांसिक रुपमा सफलताका साथ सम्पन्न भएको यहाँलाई स्मरण गराउन चाहन्छु । विगतमा झैं जिल्लाको समग्र आर्थिक, सामाजिक साँस्कृतिक, पर्यटकीय आदि विविध क्षेत्रको विकास एवम संरक्षण, सम्वर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्य अनुरुप यस पटक  तेह्रौं संस्करणको रुपमा चितवन महोत्सव- २०७८ को रुपमा विभिन्न कार्यक्रमहरु समावेश गरी आयोजना गरि भव्यताका साथ सम्पन्न भएको छ। क्षेत्रगत प्रबर्द्धनका लागि (शिक्षा, स्वास्थय, कृषी, पर्यटन) का लागि छुट्टै परिसरको समेत व्यवस्था गरिएको थियो भने फनपार्क, जलययात्रा, मौरीको आकृती, कलात्मक मूलद्धार , महोत्सव परिसर बाट नगरबन सम्मको जिप सफारी आकर्षणहरु रहेका थियो । चितवनको गौरव र गरिमाको रुपमा स्थापित तथा चितवन लगायत यस वरपरका जिल्लाका वासीन्दाहरुको महान पर्वको रुपमा स्थापित हुन सफल रहेको चितवन महोत्सव २०७८ को मूल उद्देश्य कोभिड १९ का कारण विक्षिप्त बनेको आर्थिक क्षेत्रको पुनरुत्थानमा टेवा पुऱ्याउदै यस क्षेत्रमा उत्पादन भएका वस्तु तथा सेवाहरुको प्रदर्शनी गर्दै उत्पादन तथा सेवाको प्रबर्द्धन गरि जिल्लाको सामाजिक , आर्थिक तथा सांस्कृतिका विकासमा टेवा पुऱ्याउनु रहेको थियो । यस्तै राष्ट्रिय एवं वैदेशिक औद्योगिक एवं उपभोग्य वस्तुहरुको प्रदर्शनी र प्रचार प्रसार गर्नु, कला, संस्कृति,साहित्य, कृषी , शिक्षा, स्वास्थय, पर्यटन क्षेत्रको प्रबर्द्धन गर्दै जिल्ला तथा राष्ट्रको अर्थतन्त्रमा योगदान पुऱ्याउनु रहेको थियो । यसको अलावा देहाय बमोजिमका उद्देश्यहरु चितवन महोत्सव-२०७८ का रहेका थिए ।

महोत्सवमा कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार संग सम्बन्धित पेशा व्यवसायहरुको प्रदर्शनका लागि छुट्टाछुटै परिसर (Pavilion) को व्यवस्था गरिएको थियो। कृषि उद्याम परिसर, प्रतियोगितात्मक कृषि उपज प्रदर्शननी परिसर,  सुचना तथा प्रबिधि परिसर, अटो परिसर, विद्युत परिसर, मेडईन नेपाल परिसर, फनपार्क परिसर, महिला तथा लघु उद्यम परिसर, गरि छुट्टाछुटै परिसर  परिसरहरुको व्यवस्थापन गरिएको थियो ।यस पटकको चितवन महोत्सवमा मौरीको प्रबर्द्धन गर्ने उद्देश्यले महोत्सव परिसरमा मौरी र महलाई प्रतिनिधित्व गर्ने गरि मौरीको डमी निर्माण गरिएको थियो। महोत्सव सञ्चालित दिनहरुमा उक्त डमीको अवलोकन गर्न र सेल्फी खिच्ने दर्शकहरुको उल्लेख्य भिड लागेको थियो। चितवन महोत्सव-२०७८मुख्य कार्यक्रमहरु औद्योगिक प्रदर्शन, व्यापार मेला, कृषि प्रदर्शनी , कृषी उपजहरुको प्रतियोगितात्मक प्रदर्शनी, पर्यटकिय स्थलहरुको प्रदर्शनी एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु, शैक्षिक परामर्शदाता एवं शैक्षिक संस्थाहरुको प्रदर्शनी ,सरकारी तथा गैहृसरकारी निकायहरुका विभिन्न गतिविविहरुको प्रदर्शनी, बिभिन्न जिल्लाका उद्योग वाणिज्य संघहरुका गतिबिधिहरुको प्रदर्शनी, केरा उत्पादन एवं परिकारहरुको प्रदर्शनी एवं विक्रिवितरण, स्वास्थ्य सम्बन्धि बिभिन्न शिविरहरु, नारायणी नदीमा जलयात्राका कार्यक्रमहरु, सास्कृतिक कार्यक्रमहरु चितवन महोत्सव-२०७८ का मुख्य कार्यक्रमहरु थिए । कृषि परिसरमा चितवनका कृषकहरुले उत्पादन गरेका कृषिउपजहरुको प्रदर्शनीको आयोजना गरिनुका साथे करिब १ सय जना कृषकहरुलाई बिभिन्न विधामा पुरस्कृत समेत गरिएको थियो।

बिगतका बर्षहरुमा सम्पन्न भएका १२ वटा चितवन महोत्सव बाट प्राप्त अनुभव, ज्ञान र सिपलाई मध्येनजर



राख्दै यसपालिको चितवन महोत्सव २०७८ लाई व्यवस्थित रुपमा आयोजना गर्नका लागि मुल समिति, स्टेयरिङ समिति, सल्लाहकार समिति र कार्यगत समिति गठन गरिएको थियो । चितवन महोत्सव-२०७८को बारेमा जनसमक्ष जानकारी प्रवाह गरि महोत्सवको प्रचार प्रसार गर्ने उदेश्यले समयानुकुलका बिभिन्न प्रबर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गरिएको थियो । महोत्सव शुरु हुनुभन्दा करिव २ महिना अगावैबाट सचिवालयबाट महोत्सव संग सम्बन्धित पत्राचारका कार्यहरु सम्पन्न गरिएको थियो। नेपाल उद्योग वाणिज्य महासंघ लगायत महासंघ आवद्ध रहेको बिभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरु , द्धिराष्ट्रिय उद्योग वाणिज्य संघहरु प्रदेश उद्योग वाणिज्य संघहरु , बिभिन्न व्यवसायीक प्रतिष्ठान, शैक्षिक संस्थाहरु , संघ संस्थाहरु, लाई अवलोकन गर्न, स्टल राखि प्रर्दशनमा सहभागिता जनाउन, महोत्सवलाई सौजन्य एव प्रायोजन गर्ने बिषय लगायत अन्य जानकारी सहित पत्राचार, एवम् ईमेल, वेभसाईट अपडेट लगायतका क्रियाकलपहरु गरिएको थियो। महोत्सवको प्रचार प्रसारका सन्दर्भमा पत्रकार सम्मेलन, बिज्ञापन, बोर्ड, रोडक्रस बोर्ड, डिजिटल बोर्ड, पम्प्लेट, क्यारिङ ब्यानर, महोत्सवका अन्य श्रव्य दृष्य प्रचारात्मक उपायहरु अवलम्बन गरिएको थियो । प्रचार प्रसार गरि बिभिन्न प्रबर्द्धनात्मक



लेख, विज्ञापन लगायत महोत्सव आयोजनाको दिन सम्म Count Down विज्ञापन र महोत्सव सञ्चालनको समयावधि भर दैनिक समाचार र विज्ञापन संप्रेशण गरिएको थियो । साथै महोत्सवको समुद्घाटन समारोह आभास टेलिभिजन मार्फत प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था समेत तय गरिएको थियो । चितवन महोत्सव-२०७८ का बिबिध कार्यक्रमहरुको बारेमा जानकारी दिनुका साथै यसको प्रचार प्रसार राष्ट्रिय, अन्तरराष्ट्रिय स्तरमा पुर्‍याउने उदेश्यले चितवनमा २ पटक र काठमाण्डौंमा १ पटक गरि ३ पटक पत्रकार सम्मेलन गरिएको थियो।

चितवन महोत्सव-२०७८ लाई व्यवस्थित रुपमा सञ्चालन गर्दै राष्ट्रिय उत्पादन तथा व्यापार व्यवसायको समेत प्रबर्द्धन गर्ने उद्देश्यले मूल प्रायोजक भुलक्ष्मी ग्रुप प्रा. लि. (टेस्ला एअर कन्डिसनर) ले गर्नुभएको थियो र सह-प्रायोजक महेक मसला (मनकामन ग्रुप), शुभकामना फुटवेयर प्रा. लि., सहयोगि संस्थाहरु दियालो फुडल्याण्ड प्रा.लि., आइ एम ई ग्रुप र प्रबर्द्धक भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति चितवन र नेपाल उद्योग वाणिज्य महासंघ, सांस्कृतिक कार्यक्रम प्रायोजन मनकामना दर्शन प्रा.ली. रेष्टुरेन्ट परिसर सौजन्य वोटलर्स नेपाल (तराई) लिमिटेड, अटोपरिसर प्रायोजक चितवन अटोमोवाई डिलर एशोसिएसन, आधिकारिक बैंक एन सि सि बैंक, मूल गेट सौजन्य हेल्थ एण्ड हाइजिन कम्पनी प्रा. लि., टिकट सौजन्य मालिका हस्पिटालिटी एण्ड फुड प्रा. लि. (वैष्णव मिष्ठान्न भण्डार) सचिवालय प्रायोजक नेपाल टेन्ट एण्ड टारपोलिन प्रा.लि, मेड ईन नेपाल परिसर सौजन्य नेपाल युवा उद्यमी मञ्च, चितवन आधिकारिक बिमा प्रभु ईन्सुरेन्स कम्पनी लिमिटेड सिसि क्यामेरा सौजन्य फेसबुक कम्प्युटर्स कृषि परिसर प्रायोजक कृषि तथा पशुपंक्षी विकाश मन्त्रालय वागमती प्रदेश रहेका थिए। चितवन महोत्सव-२०७८ को महोत्सव परिसरमा प्रवेश गर्नका लागि बिगतका बर्षहरुमा झैं यस बर्ष पनि २ प्रकारका टिकटहरुको व्यवस्था गरिएको थियो जसअनुसार साधारण टिकट मुल्य रु ५०।-( पचास) र विद्यार्थि सहुलियतको टिकट दर रु २५।- (पच्चिस) राखिएको थियो। चितवन महोत्सव-२०७८मा प्रदर्शकको रुपमा सहभागिहुने फर्म /कम्पनी/संघ संस्थाका प्रतिनिधिहरुलाई प्रदर्शन सम्बन्धि अभिमुखिकरण कार्यक्रम महोत्सव शुरुहुने दिन भन्दा ४ दिन अगावै पौष २१ गतेका दिन संघको सभाहलमा आयोजना गरिएको थियो । महोत्सव - २०७८का प्रदर्शक व्यवस्थापन समितिका संयोजक श्री चुननारायण श्रेष्ठज्यूले उक्त कार्यक्रमको मध्यस्थता गर्नु भएको थियो । उक्त अभिमुखिकरण कार्यक्रममा महोत्सव परिसर भित्र प्रदर्शकहरुले पाउने सुविधाहरु, सामान निकासी पैठारी गर्ने तरिकाहरु, सजावट गर्ने तरिका, सामान प्रदर्शन गर्ने तरिका, स्टल ले आउट, प्रदर्शकहरुले पालना गर्नुपर्ने नियमहरु , बिमा व्यवस्था एवं यसका प्रावधानहरु लगायतका विषयमा जानकारी गराउनु भएको थियो। चितवन महोत्सव २०७८मा सहभागि हुने प्रदर्शक एवं अवलोकनकर्ताहरुको सुरक्षाका लागि आन्तरिक एवं वाह्य सुरक्षा व्यवस्था चुस्त पारिएको थियो । आन्तरिक सुरक्षाका लागि भरपतुर १० स्थित गडि सेक्युरिटि सर्भिसेज प्रा.लि. द्धारा

२४ सै घण्टा सुरक्षाको प्रबन्ध गरिएको थियो भने वाह्य सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत आपतकालिन सेवाका लागि सशस्त्र प्रहरीका रेस्क्यु टिमको व्यवस्था गरिएको थियो । वाह्य सुरक्षा व्यवस्थालाई चुस्त पार्नका लागि जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी संग समन्वय गरिएको थियो भने आन्तरिक सुरक्षाका लागि उद्योग वाणिज्य संघ चितवनको नेतृत्वमा छुट्टै समिति समेत गठन गरिएको थियो ।

विमा व्यवस्थाः महोत्सव परिसरमा रहेका प्रदर्शकहरुको सरसामानको सुरक्षाको व्यवस्थाका अलावा हुन सक्ने चोरी, आगजनी, हुलदंगा लगायत अप्रत्याशित घटनाबाट हुन सक्ने क्षतिबाट बच्नको लागि विमाको व्यवस्था गरिएको थियो । साथै महोत्सवमा सञ्चालनमा आएका विभिन्न जलयात्रा, फनपार्क लगायतका खेलमा हुन सक्ने मानविय क्षति लगायतलाई मध्येनजर गरि अवलो कनकर्ता/सहभागिको लागि समेत विमाको व्यवस्था गरिएको थियो ।

चितवन महोत्सव–२०७८ पौष २५ गते देखि माघ ४ गते सम्म संञ्चालन गर्ने भनिएको भएता पनि कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन दिनानुदिन बढ्दै गएको कारण गर्दा महोत्सव चौंथो दिनमा समापन गरिएको थियो । बाध्यात्मक परिस्थितिका



कारण महोत्सव पौष २८ गते समापन गरिएको हो । संघका पूर्वअध्यक्षज्यहरु, कार्यसमिति सदस्यज्यूहरु, प्रदर्शक लगायतको उपस्थितिमा संघका अध्यक्ष एवम् चितवन महोत्सव २०७८ का मूल संयोजक राजु श्रेष्ठले सम्बोधन गर्दै महोत्सव स्थगन भएको घोषणा गर्नुभएको हो । महोत्सवलाई विचमानै स्थगन गर्नु परेका कारण प्रदर्शकरुलाई स्टल भाडामा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ ।

## १३ औं चितवन महोत्सव २०७८ को केहि झलकहरू












# १३ औं चितवन महोत्सव २०७८ को केहि झलकहरु















# १३ औं चितवन महोत्सव २०७८ को केहि झलकहरु
















# १३ औं चितवन महोत्सव २०७८ को केहि झलकहरू














# १३ औं चितवन महोत्सव २०७८ को केहि झलकहरू



















NOBEL CORONA VIRUS सम्बन्धमा उद्योग वाणिज्य संघ चितवनबाट जनहितमा जारी गरिएको चेतनामूलक सन्देश
कोरोना भाईरसको संक्रमण प्रत्येक दिन बढ्दै गईरहेकोले उद्योग व्यवसाय संचालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न सम्पूर्ण उद्यमी व्यवसायीमा हार्दिक अपिल गर्दछौं ।
जोगिने उपायहरु
उद्योग व्यवसाय गर्ने स्थलमा हातधुने साबुनपानी र सेनिटाइजरको व्यवस्था गर्ने
बेलाबेलामा साबुनपानीले हात धुन
मास्क लगाउने
हात नमिलाई टाढैबाट नमस्कार गर्ने
खोक्दा वा हाच्छ्यु गर्दा कुहिनाले छोपेर मात्र गर्ने
भौतिक दूरी कायम गर्ने
उद्योग वाणिज्य संघ-चितवन
भरतपुर महानगरपालिका १, नारायणी मार्ग, नारायणगढ, चितवन
info@ccichitwan.org.np
www.ccichitwan.org.np


चितवनको गौरव र गरिमामय प्रस्तुति
१३औं चितवन महोत्सव-२०७८
TESLA
सहभागी बनौं, अवलोकन गरौं, सफल पारौं ।
सचिवालय:
उद्योग वाणिज्य संघ-चितवन, नारायणीमार्ग, नारायणगढ, चितवन ।
फोन: ०७७ ५६ ५९६१०८, ५९६२०८, ५९६३०८,
इमेल: ccichitwan@gmail.com, वेबसाइट: www.ccichitwan.org.np


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 - 596108
- 596208
- 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

## नारायणगढ बजारको मिति २०७८ माघ १० गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४४०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ३८०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३२०० |
| ५. धान मोटो नया | प्रति क्वि | |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | |
| ९. मकै | प्रति क्वि. | ४००० |
| १०. गहुँ | प्रति क्वि. | ३८०० |
| ११. कोदो | प्रति क्वि. | ४५०० |
| १२. फापर | प्रति क्वि. | ९००० |
| १३. चना | प्रति के.जी. | १०० |
| १४. केराउ | प्रति के.जी. | १०० |
| १५. भटमास | प्रति के.जी. | १४० |
| १६. रहर दाल | प्रति के.जी. | १८० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५० |
| १८. मासको दाल | प्रति के.जी. | १५० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १६० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ७९ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | |
| घ. क्याटल फिड | प्रति के.जी. | |
| २०. आलु | प्रति के.जी. | ३५ |
| २१. प्याज | प्रति के.जी. | ६५ |
| २२. तोरीको तेल | प्रति १० ली. | २५०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २३०० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २३०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ३६० |
| २७. मरिच | प्रति के.जी. | ९०० |
| २८. धनियाँ | प्रति के.जी. | २०० |
| २९. क. सुन | प्रति तोला | ९४००० |
| ख. चाँदी | प्रति तोला | १३४५ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १६९५० |
| ख. २६ गेज | प्रति वण्डल | १३३८० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १०८ |
| ख. ८ मि.मि. | प्रति के.जी | १०४।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०१ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०१ |
| ३२. सिमेन्ट | | |
| OPC शिवम् | | ७२५ |
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७२५ |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ५४० |
| ग. निर्माण सिमेन्ट | प्रति बोरा | ५५० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ३४० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २२५ |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३०० |
| ञ. अण्डा | प्रति क्रेट | ४५० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ७० |
| ख. दही | प्रति लि. | ९० |
| ग. पनिर | प्रति के.जी. | ७०० |
| घ. क्रिम | प्रति लि. | ५०० |
| ङ. वटर | प्रति के.जी. | ८०० |
| च. घ्यू | प्रति के.जी. | ११०० |
| छ. खुवा | प्रति के.जी. | १००० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

..............................................................
..............................................................
..............................................................
..............................................................
..............................................................
..............................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०